# सुलोचना महाकाव्यमा औपन्यासिक लक्षण

नित्यानन्द खतिवडा, विद्यावारिधि
उपप्राध्यापक : नेपाली
ने.सं.वि., पिण्डेश्वर विद्यापीठ, धरान
nityanandakhatiwada@gmail.com
**DOI: https://doi.org/10.3126/ss.v2i2.69312**

## सारसङ्क्षेप

*प्रस्तुत लेख लक्ष्मीप्रसाद देवकोटाद्वारा लिखित सुलोचना महाकाव्यको औपन्यासिकताको विश्लेषणमा केन्द्रित रहेको छ। काव्यकार लक्ष्मीप्रसाद देवकोटाका महाकाव्यगत प्रवृत्तिसमेत समेटिएको यस लेखमा महाकाव्य र उपन्यासको विधातात्त्विक सन्दर्भमा देखिएका समता र भिन्नताका आधारमा सुलोचनाको औपन्यासिक लक्षणाबारे विश्लेषण गरिएको छ। यस अध्ययनबाट प्राचीन विधा मानिएको महाकाव्य उपन्यासमय देखिनाका कारणहरूलाई देखाइएको छ। यस अध्ययनबाट सुलोचना काव्यको कथानकको विविध प्रकृतिसँगै घटनाको प्रस्तुतीकरणले यो औपन्यासिक काव्य बन्न पुगेको देखिन्छ भने काव्यमा रहेको पात्रको विश्लेषण, प्रकृतिचित्रण तथा भाषाशैलीको प्रयोगले सुलोचनालाई औपन्यासिक काव्य बन्न अझ प्रेरित गरेको पाइन्छ। यसका साथै काव्यकार स्वयम्ले यो उपन्यासमय बन्न पुगेको भनेबाट काव्यको औपन्यासिक तात्पर्य स्पष्ट भएको छ। यसरी उपन्यास र महाकाव्यका विगत सन्दर्भमा देखिएका कथानक, पात्र, परिवेश, भाषाशैलीमा प्राप्त समता र विषमतालाई अध्ययन गर्दा सुलोचना एउटा महत्त्वपूर्ण औपन्यासिक काव्य बन्न पुगेको पुष्टि हुन्छ। यस अध्ययनबाट सुलोचना काव्यको औपन्यासिकताबारे अध्ययन विश्लेषण हुन गई पाठकलाई कृतिको नवीनतम पाटापक्षबारे बुझ्न सहयोग पुग्ने विश्वास गरिएको छ।*

**शब्दकुञ्जी** : अनुभूति, अपेक्षित, परिस्थितिजन्य, मानविकीकरण, हार्दिकता।

## विषयपरिचय

लक्ष्मीप्रसाद देवकोटानेपाली काव्य जगत्का प्रसिद्ध सर्जक हुन्। पिता तिलमाधव देवकोटा र माता अमरराज्यलक्ष्मीदेवीका कोखबाट वि.सं. १९६६ साल कार्तिक २७ गते शुक्रबार काठमाडौंमा जन्मिएका लक्ष्मीप्रसादले पाँच वर्षको उमेरमा नै शिक्षारम्भ गरेका थिए (अवस्थी, २०६१ : २१)। देवकोटाले बी.ए., बी.एल्.

सम्मको औपचारिक अधययन गरेका छन् । राष्ट्रिय, अन्तराष्ट्रिय र स्वाध्यायनका कारण साहित्य लेखनमा प्रवृत्त भएका देवकोटाको कलम फुटकर कविता, खण्डकाव्य, महाकाव्य हुँदै निबन्ध, कथा, उपन्याससम्म तन्किएको पाइन्छ । दश वर्षको उमेरदेखि नै कविता लेखनमा लागेका बहुमुखी प्रतिभाका धनी देवकोटाका छ सयभन्दा बढी फुटकर कविता, डेढ दर्जन बढी खण्डकाव्य तथा आधा दर्जन जति महाकाव्यहरू प्रकाशित रहेका छन् । शाकुन्तल, सुलोचना, वनकुसुम, महाराणाप्रताप, पृथ्वीराज चौहान र प्रमिथसजस्ता प्रसिद्ध महाकाव्यको रचना गरेका देवकोटाले आफूलाई नेपाली साहित्यमा महाकविका रूपमा परिचित गराएका छन् । गुणात्मक र सङ्ख्यात्मक रूपमा समेत अब्बल रहेका देवकोटाका महाकाव्यमा काव्यव्युत्पत्तिगत, विषयवस्तुगत, भावगत, सर्गगत, लयगत, पात्रगत, कथनपद्धतिगत, परिवेशगत, प्रकृतिचित्रणगत विविधतासँगै स्वच्छन्दतावादी र भाषाशैलीगत प्रवृत्ति पाउन सकिन्छ । नेपाली महाकाव्य संसारमा सर्वप्रथम सामाजिक मौलिक महाकाव्यको सिर्जना गर्ने देवकोटाले आफ्ना काव्यमा असंयम, अनियन्त्रित एवम् द्रुतलेखनलाई देखाउँदै पूर्वीय र पाश्चात्य दुवै काव्यमान्यतालाई पनि आत्मसात् गरेका छन् (दाहाल, २०६६ : १३८) ।

सुलोचना (२००३) देवकोटाको शाकुन्तल (२००२) पछिको दोस्रो महाकाव्य हो । नेपाली साहित्यकै पहिलो सामाजिक एवम् विशुद्ध मौलिक काव्य बन्न सफल यो काव्य देवकोटाले दशै दिनमा तयार पारेका थिए । आशुकवित्व शक्तिको उपज बनेको यस काव्यको भूमिकामा नै देवकोटाले यो पद्यात्मक उपन्यास बनेको सङ्केत गरेका छन् । कथाको विस्तार गर्ने तरिका, घटनाहरूको बाहुल्य, सामाजिक यथार्थ चरित्र चित्रणमा मार्मिकता, भाषाशैली आदिका कारण सुलोचना पद्यात्मक उपन्यास बन्न पुगेको छ । उपन्यास र महाकाव्य आकारप्रकार, प्रस्तुत, भाषा आदि कारणले तुलनीय देखिने कारण पनि सुलोचना एउटा सफल औपन्यासिक महाकाव्य बन्न सफल कृति हो ।

## समस्याकथन

'सुलोचना महाकाव्यको औपन्यासिक लक्षणा' शीर्षकीय यस लेखमा देवकोटाका महाकाव्यात्मक प्रवृत्तिहरू के के हुन् ? उपन्यास र महाकाव्यको सम्बन्ध के कस्तो देखिन्छ ? र सुलोचना महाकाव्यको औपन्यासिकता के कस्तो देखिन्छ ? भन्ने मूल समस्यालाई लिएर यिनै समस्याहरूको समाधानमा केन्द्रित उद्देश्य यहाँ निर्धारण गरिएको छ ।

## उद्देश्यकथन

समस्याकथनमा उठान गरिएका देवकोटाका महाकाव्यात्मक प्रवृत्तिबारे चर्चा गर्नु, उपन्यास र महाकाव्यको सम्बन्धबारे चर्चा गर्दै सुलोचना महाकाव्यको औपन्यासिकतबारे चर्चा गरी निष्कर्षमा पुग्नु यस लेखको खास सन्दर्भ हो ।

## अध्ययनको सीमा

लक्ष्मीप्रसाद देवकोटाका महाकाव्यात्मक प्रवृत्तिसँगैसुलोचना उपन्यासमा केन्द्रित भएर  औपन्यासिक सन्दर्भबारे चर्चा गर्नु यस लेखको सीमा हो ।

## अध्ययन विधि

प्रस्तुत कृतिको अध्ययन तथा विश्लेषणका लागि उपन्यासको स्वरूपगत सिद्धान्तलाई अवलम्बन गरिएको छ र पद्धति निगमनात्मक रहेको छ । यसमा प्राथमिक सामग्रीस्रोतका रूपमा विवेच्य कृति सुलोचनालाई प्रयोग गरिएको छ भने यससँग सम्बद्ध विभिन्न सैद्धान्तिक पुस्तक, लेखकका लेखहरू द्वितीय सामग्रीस्रोत बनेका छन् । सामग्री सङ्कलनका रूपमा यसमा पुस्तकालयीय कार्यविधिको पालना गरिएको छ र यिनै सामग्रीको उपयोगबाट कृतिको अध्ययन तथा विश्लेषण गरिएको छ । प्रस्तुत अनुसन्धान गुणात्मक प्रकृतिको कृतिपरक रहेको छ ।

## पूर्वकार्यको विवरण

यहाँ महाकवि लक्ष्मीप्रसाद देवकोटा र उनका काव्यकृतिसँग सम्बन्धित पूर्वकार्यको विवरण सङ्क्षेपमा प्रस्तुत गरिएको छ ।

कृष्णचन्द्रसिंह प्रधान (२०२५) को सम्पादनमा प्रकाशित साझा समालोचना  ग्रन्थमा अम्बिकाप्रसाद अधिकारीको ‘सुलोचनामा परी लगाइएको समाज’ शीर्षकमा लेख प्रकाशित छ । लक्ष्मीप्रसाद देवकोटाको शाकुन्तलपछिको महाकाव्य सुलोचनामा रहेको तत्कालीन समाजका बारेमा चर्चा गर्दै पुस्तागत द्वन्द्वको मारमा सुलोचनाजस्ता नयाँ पुस्ताका युवायुवतीको जीवन फुल्न नपाइकन फक्रेर झर्न बाध्य भएको सन्दर्भ यहाँ रहेको छ । यस लेखको उद्देश्य अन्धविश्वास, अशिक्षा र अहम् आदि कारणले पुरानो पुस्ताले समाजमा आफ्नो हैकम कायम राख्ने प्रयास र त्यसको परिणामलाई देखाउनु हो ।

राममणि रिसाल (२०३१) को नेपाली काव्य र कवि शीर्षकीय समालोचना ग्रन्थमा देवकोटाका महाकाव्यहरूको चर्चा गर्ने क्रममा सुलोचना महाकाव्यको औपन्यासिकता र नाटकीयताबारे सङ्क्षेपमा उल्लेख गरिएको छ । यहाँ कथा विस्तार गर्ने तरिका, वर्णनात्मकता, सामाजिक यथार्थ, समस्याको उद्घाटनजस्ता कारणले सुलोचना काव्योपन्यास बन्न योग्य छ भन्ने टिप्पणी गरिएको छ । यस सामग्रीको मुख्य उद्देश्य सुलोचना महाकाव्योपन्यासबारे विस्तारमा वर्णन गर्नेभन्दा समग्रमा सुलोचना काव्यको चर्चा गर्ने क्रममा यसमा रहेको काव्योपन्यास र नाटकीयताबारे उल्लेख गर्नुमात्र रहेको छ ।

सुशीलप्रसाद वाग्ले (२०६०) कोगरिमा (२०६०) पत्रिकामा ‘शाकुन्तल र सुलोचनामा अभिव्यक्त आध्यात्मिकता’ शीर्षकको लेख प्रकाशित रहेको छ । यस लेखमा आध्यात्मिकताको अर्थ दिँदै देवकोटाको कवितायात्रा, आध्यात्मिक प्रवृत्ति तथा शाकुन्तल र सुलोचना महाकाव्यमा व्यक्त आध्यात्मिक चिन्तनबारे सङ्क्षेपमा

वर्ण गरिएको छ । यस लेखको उद्देश्य पनि अन्य पक्षभन्दा देवकोटाका शाकुन्तल र सुलोचना काव्यमा निहित आध्यात्मिक चिन्तनको अध्ययन गर्नु रहेको देखिन्छ ।

द्वारिकाप्रसाद भण्डारी (२०६१) को सम्प्रेषण पत्रिकामा 'महाकवि लक्ष्मीप्रसाद देवकोटा र उनको सुलोचना महाकाव्यको कथासार' शीर्षकीय लेख प्रकाशित छ । यस लेखमा देवकोटाको जीवनीवृत्तबारे सङ्क्षेपमा चर्चा गर्दै सुलोचना महाकाव्यको कथावस्तुको सारङ्क्षेपको प्रस्तुतिलाई मूल उद्देश्य बनाइएको छ ।

रामचन्द्र भट्ट (२०६१) को गरिमा पत्रिकामा 'देवकोटाका कृतिमा शिल्प, शैली र प्रवृत्ति' शीर्षकको लेख प्रकाशित छ । लेखमा देवकोटाका अन्य काव्यकृतिसँगै सुलोचनाको पनि शिल्प, शैली र प्रवृत्तिबारे उल्लेख गरिएको छ । महाकाव्यको भाषा, कथन, वर्णनशैली आदिबारे चर्चा गरी निष्कर्षमा पुग्नु यस लेखको खास लक्ष्य देखिन्छ ।

नित्यानन्द खतिवडा (२०७४) को प्रभापत्रिकामा'सुलोचना महाकाव्यका केही बान्कीहरू' शीर्षकको लेख प्रकाशित रहेको छ । यस लेखमा देवकोटाको जीवनवृत्तबारे सङ्क्षेपमा चर्चा गर्दै सुलोचना काव्यमा रहेका समाज, मुख्य पात्रको तुलना र काव्यको औपन्यासिकताबारे उल्लेख गरिएको छ । सुलोचना महाकाव्योपन्यासलाई केन्द्रीयता बनाउनेभन्दा अन्य पक्ष देखाउने क्रममा मात्र यसको चर्चा गरिएको छ । देवकोटाले सुलोचना महाकाव्यको भूमिकामा नै यो पद्यात्मक उपन्यास हुनसक्छ भनेका र काव्यमा रहेका अन्य केही पक्षहरूले गर्दा यो काव्योपन्यास बन्न सक्ने निष्कर्ष यस लेखमा पाइन्छ ।

यहाँ आएका पूर्वकार्यहरूको अध्ययन गर्दा सुलोचानाको काव्योपन्यास र देवकोटाको काव्य प्रवृत्तिबारे आंशिक चर्चा पाइए पनि यसैलाई महत्त्व दिएको देखिँदैन । तसर्थ माथि प्रसङ्गवश चर्चामा आएको देवकोटाको काव्यप्रवृत्ति र काव्योपन्यासबारे विस्तारमा विश्लेषण गरी निष्कर्षमा पुग्ने काम यस लेखमा भएको छ ।

## छलफल र परिणाम

### उपन्यास र महाकाव्यको अन्तरसम्बन्ध

उपन्यास र महाकाव्य दुवै साहित्यका महत्त्वपूर्ण विधाहरू हुन् । उपन्यास पाश्चात्य साहित्यमा जन्मिएर विकसित हुँदै विश्वप्रसिद्ध भएको आधुनिक साहित्य हो । महाकाव्यबारे पश्चिममा भन्दा पूर्वीय संस्कृत साहित्यमा बढी चर्चा परिचर्चा भएको पाइन्छ । पूर्वमा सातौं शताब्दीका भामहदेखि सुरु भएर दण्डी, रुद्रट, हेमचन्द्र हुँदै विश्वनाथसम्म आइपुग्दा सैद्धान्तिक रूपमा पूर्णता पाएको देखिन्छ । पाश्चात्यमा महाकाव्यबारे चर्चा नभएको होइन । एरिस्टोटल, क्रोम्बी, डब्लु पिकर, मार्क टिन ग्रेजस्ता चिन्तकहरूले महाकाव्यबारे चिन्तन गरेको पाइन्छ (दाहाल, २०६६ : १२९ )। यद्यपि पूर्वीय र पाश्चात्य महाकाव्यसम्बन्धी चिन्तनमा समानता रहेको  पाइन्छ ।

इटालेली भाषाको नोबेलाबाट विकसित भएको नोबेल शब्दको पर्याय नै नेपालीमा उपन्यास हो । पश्चिमका ड्यानियल डिफो, फिल्डिङ आदिका उपन्यासको रचनासँगै औपचारिक रूपमा त्यहाँ उपन्यास लेखन र प्रकाशनको क्रम थालनी हुनुपुग्यो । आज उपन्यास संसारमा सबैभन्दा प्रसिद्ध साहित्यिक विधा बनेर रहेको छ ।

महाकाव्य कविताको बृहत् रूप हो । यसमा जीवन र जगत्को भव्य चित्रण हुन्छ । प्राचीन कालमा महाकाव्य अन्य साहित्यिक विधाभन्दा प्रसिद्ध थियो भने आधुनिक कालमा उपन्यास सबै विधाभन्दा अगाडि रहेको छ । महाकाव्य उपन्यास नजिकको सम्बन्ध भएका साहित्यिक विधा हुन् । आकार र आयामका दृष्टिले महाकाव्य र उपन्यास बृहत् साहित्यिक विधा हुन् । दुवैमा चित्रण तथा वर्णनको स्वतन्त्रता हुन्छ । जीवन र जगत्को व्यापक परिवेशको प्रस्तुतीकरण दुवैमा हुन्छ भने जीवनका विविध पक्षहरूको उद्घाटन गर्नु दुवैको मूल उद्देश्य हुन्छ । दुवैमा सामाजिक जीवनको विशाल तस्विर उपस्थित हुन्छ । दुवैमा आख्यानको प्रयोग अनिवार्य रहन्छ र समाख्यानात्मक तथा प्रत्यक्ष संवादको प्रयोग दुवैमा अपेक्षित रहन्छ । चरित्रचित्रणको व्यापकता दुवैमा अनिवार्य हुन्छ । महाकाव्य र उपन्यासमा यी समानता रहँदारहँदै पनि केही भिन्नताहरू पनि पाइन्छन् । महाकाव्य साहित्यको पुरानो रूप हो भने उपन्यास आधुनिक रूप हो । परम्परामा महाकाव्य पद्यमा र उपन्यास गद्यमा लेखिन्छ । महाकाव्यमा सर्ग अनिवार्य रहन्छ भने उपन्यासमा यसको अनिवार्यता हुँदैन । काव्यसम्बन्धी नियम र प्रतिबन्धका कारण महाकाव्य लेखन निकै कठिन मानिन्छ तर उपन्यासमा त्यो प्रतिबन्ध धेरै नहुने कारण लेखनमा केही स्वतन्त्रता रहन्छ । महाकाव्यमा आदर्श पात्रको प्रयोग अपेक्षित रहन्छ भने उपन्यास यसमा स्वतन्त्र हुन्छ । महाकाव्यमा उपन्यास जसरी रोदन, चीत्कार, भोकप्यास, तडप, नग्नता, दद्रिता, जेल, मजदुरी आदि विषयवस्तु प्रयोग सामान्यत: गरिन्न तर उपन्यासमा यस्तो यथार्थलाई जस्ताको तस्तै देखाइन्छ । उपन्यासका दाँजोमा महाकाव्यमा कल्पनाको सीमित प्रयोग हुन्छ भने छन्द र अलङ्कारको बोझिलो प्रयोगका कारण महाकाव्य उपन्यासभन्दा केही जटिल बन्न पुग्छ (बराल र एटम, २०५७ : ६९) । महाकाव्य कहीँ कतै गद्यमा लेखिएका उदाहरणहरू पनि, 'चिसो चुल्हो' बालकृष्ण समको एक राम्रो नमुना कृति हो ।

## लक्ष्मीप्रसाद देवकोटाका महाकाव्यात्मक प्रवृत्तिहरू

लक्ष्मीप्रसाद देवकोटाको शिक्षारम्भ सानै उमेरमा भएको हो । तत्कालीन, राष्ट्रिय, अन्तराष्ट्रिय तथा स्वाध्ययनका कारण साहित्यमा प्रवृत्त रहेका यिनले नेपाली साहित्यका बहुविध क्षेत्रमा कलम चलाएका छन् । यिनका ६ सयभन्दा बढी फुटकर कविता, डेढदर्जनभन्दा बढी खण्डकाव्यहरू प्रकाशन भएका छन् भने महाकाव्यहरू शाकुन्तल (२००२), सुलोचना (२००३), पृथ्वीराज चौहान (२००२-३), महाराणा प्रताप (२०२४), वनकुसुम (२०२५), प्रमिथस (२०२८-२९) आदि रहेका छन् । यिनै महाकाव्यका आधारमा महाकवि देवकोटाका महाकाव्यात्मक प्रवृत्तिहरूलाई यहाँ प्रस्तुत गरिएको छ ।

### *काव्यव्युत्पत्तिगत र प्रेरणास्रोतगत प्रवृत्ति*

सरस्वतीका प्रसाद बनेका देवकोटामा व्युत्पत्तिगत प्रतिभा पूर्वीय र पाश्चात्य काव्यबाट विकसित भएको देखिन्छ। पूर्वीय ऋषिसभ्यताप्रति आदर र सम्मान गर्ने देवकोटाले पाश्चात्य संसारमा प्रचलित पौराणिक मिथकलाई पनि काव्यमा प्रयोग गरेका छन्। पूर्वीय र पाश्चात्य दुवै शिक्षा दीक्षा लिएका उनले नेपाली, अङ्ग्रेजी, हिन्दी, उर्दू, बङ्गाली भाषा साहित्यबाट प्रेरित र प्रभावित बनी प्रसिद्ध नेपाली महाकाव्यहरू रचना गरेका छन्।

### *विषयवस्तुगत प्रवृत्ति*

महाकाव्यकार देवकोटाले पौराणिक, ऐतिहासिक, सामाजिक विषयवस्तुमा महाकाव्यहरू रचना गरेका छन्। शाकुन्तल पूर्वीय सांस्कृतिक र पौराणिक विषय, प्रमिथस पाश्चात्य पौराणिक विषय, महाराणा प्रताप र पृथ्वीराज चौहान भारतका मध्यकालीन शीर्षपुरुषहरूको ऐतिहासिक विषय, सुलोचना सामाजिक उत्पाद्य विषय र वनकुसुम अर्धऐतिहासिक र अर्धदन्त्यकथामा आधारित महाकाव्यहरू हुन्। प्रसिद्ध वा ख्यात दुवै विषयवस्तुमा काव्य रचना गर्नसक्ने प्रतिभा देवकोटामा रहेको देखिन्छ।

### *भावगत प्रवृत्ति*

लक्ष्मीप्रसाद देवकोटाका महाकाव्यमा भावगत विविधता पाइन्छ। शाकुन्तलमा शृङ्गार रसको सम्भोग र विप्रलम्भ दुवै रसभाव पाइन्छ भने पृथ्वीराज चौहानमा वीर र शृङ्गार, महाराणा प्रतापमा वीर रसभावको परिपाक पाइन्छ भने प्रमिथसमा वीर रस, सुलोचनामा शृङ्गार र करुण रसभावको चरम रूप पाउन सकिन्छ। यसरी देवकोटाले आफ्ना काव्यहरूमा उल्लिखितबाहेक हास्यव्यङ्ग्य र अन्य भावहरूको समेत प्रयोग गरी भावगत विविधता प्रस्तुत गर्न सफल भएका छन्।

### *लयविधानगत प्रवृत्ति*

लय प्रयोगका दृष्टिले समेत देवकोटाका महाकाव्यहरू विविध देखिन्छन्। वर्णमात्रिक, लोक, गद्य लयको प्रयोग देवकोटाका काव्यमा पाइन्छन्। यीमध्ये शाकुन्तल, सुलोचना, महाराणा प्रताप र वनकुसुममा वर्णमात्रिक लय पाइन्छ भने पृथ्वीराज चौहानमा लोकलय तथा प्रमिथसमा गद्यलयको रोचक प्रयोग पाइन्छ। अन्य लयको प्रयोग पाइए पनि मात्रा लयमा भने देवकोटाले महाकाव्य रचना गरेको पाइँदैन। लयगत विविधता प्रयोग गर्ने क्रममा कहीँ कतै भने लयले सुर भेटाउन निकै सकस परेको अवस्था देखिए पनि उनी लयगत चेतनालाई बचाउन सफल भएका छन्।

### *पात्रविधानगत प्रवृत्ति*

पात्र प्रयोगमा पनि देवकोटा अन्यभन्दा फरक देखिएका छन्। धीरोदात्त नायकका स्थानमा स्वच्छन्दतावादी नायकको चयन गर्नु, हिन्दू आदर्श राजा, आदर्श नायक, मुग्धा नायिकाको प्रयोग गर्ने देवकोटाले आदर्श, यथार्थ,

कल्पनालोकबाट पात्रहरू चयन गरी स्वच्छन्दतावादी प्रवृत्ति देखाएका छन् । सुलोचनाको अनङ्ग, महाराणा प्रतापको महाराणा, प्रमिथसको पुराकथात्मक पात्रको प्रयोगबाट देवकोटाको पात्रप्रयोगगत विविधता स्पष्ट हुन पुगेको छ ।

***कथनपद्धतिगत प्रवृत्ति***

देवकोटाले आफ्ना महाकाव्यहरूमा कविनिबद्धक्तृप्रौढोक्तिवा तृतीय पुरुष कथनपद्धतिको प्रयोग गरेका छन् । नाटकीय शैलीशिल्पका साथ वर्णनात्मक कथनपद्धतिको प्रयोग पात्रको भावगत र मनोगत अवस्थानुसारको पाइनु देवकोटाको आफ्नै काव्यात्मक प्रवृत्ति हो ।

***सर्गयोजनागत प्रवृत्ति***

महाकाव्यको आफ्नै पहिचान बनेको सर्गयोजनालाई देवकोटाले पूर्णतः पालन गरेको देखिन्छ । देवकोटाका सबै महाकाव्यहरूमा आठभन्दा बढी सर्गहरूको प्रयोग पाइन्छ । यीमध्ये शाकुन्तलमा २४, सुलोचनामा १५ सर्ग, वनकुसुममा १० सर्ग, प्रमिथसमा ११, महाराणा प्रतापमा १६ र पृथ्वीराज चौहानमा १२ सर्गहरू रहेको पाइन्छ । उनका काव्यका उक्त सर्गहरू पनि स्वच्छन्दतावादी उडान र आख्यानीकरणको तीव्रताको दवावमा परी कतै लामा, कतै छोटा सर्गको असमान प्रयोग गर्ने प्रवृत्ति देखापरेको छ ।

***परिवेशगत प्रवृत्ति***

देवकोटाले आफ्ना महाकाव्यमा परिवेशको पनि विविधतामय प्रयोग गरेका छन् । स्वच्छन्दतावादी वायुवेगी उडानका कारण कतिपय महाकाव्यहरूले महाकाव्यात्मक मान्यतालाई भत्काउन पुगेका छन् भने कतिपयले पूर्णतः पालनासमेत गरेका छन् । शाकुन्तलमा पौराणिक परिवेशलाई नेपालीकरण गरिएको छ भने सुलोचनामा २००७ सालको नेपाली समाज परिवेश बन्न पुगेको छ । महाराणा प्रताप र पृथ्वीनारायण चौहानमा मध्यकालीन समयमा व्याप्त स्वतन्त्रता सङ्गामलाई परिवेश बनाइएको छ भने वनकुसुममा काल्पनिक लोकको सृजना गरेर राणा शासनको दरबारीया षड्यन्त्र परिवेश बनेर आएको छ र प्रमिथसमा स्वछन्दतावादी मान्यताअनुकूलको पात्रीय मानसिक परिस्थितिको उद्धाटन परिवेश बनेर आएको छ ।

***केन्द्रीय कथ्यगत प्रवृत्ति***

नेपाली काव्यमा रोमान्सेली प्रवृत्तिलाई भिœयाएर त्यसलाई संवर्धन गर्दै स्वच्छन्दतावादी भावमा मानवतावादी, रहस्यवादी, प्रकृतिकेन्द्री भावचेतनायुक्त कथ्यको प्रयोग गर्ने प्रवृत्ति देवकोटाका काव्यमा पाइन्छ । स्वच्छन्दतावादी प्रगतिवादी समाजसुधार एवम् आत्मिक प्रेमको उद्धाटनसँगै परम्पराविरोधी क्रान्तिवीरको जन्मजस्ता कथ्य विषयको प्रयोगसँगै स्वच्छन्दतावादी प्रगतिशीलता, मानवता र स्वतन्त्रताप्रतिको तीव्र आकर्षण पनि महाकाव्यकार देवकोटाको केन्द्रीय कथ्यगत प्रवृत्ति बन्न पुगेको छ ।

### *भाषाशैलीगत प्रवृत्ति*

कलात्मक भाषाशैलीका प्रयोक्ता देवकोटाले हिमनिर्झरतुल्य सुललित र भावअनुकूल आशुवेगी भाषाशैलीको प्रयोगलाई प्रवृत्ति बनाएका छन् । असमापिका क्रियाको प्रयोग, व्यञ्जनास्तरको पद, पदावली, समष्टिगत वाक्य, अनुच्छेदको प्रयोग पाइने तथा कतिपय स्थानमा वर्णनको हतारोले भाषामा केही खस्रोमस्रोपन देखिए पनि त्यसले महाकाव्यको जीवन्तता र स्वभाविकतालाई खल्बल्याउन सकेको देखिँदैन ।

समग्रमा माथि उल्लिखित काव्यप्रवृत्तिबाहेक नेपाली काव्यजगत्मा प्रथम सामाजिक मौलिक महाकाव्यको सृजना गर्नु, पाश्चात्य र पूर्वीय दुवै काव्यमान्यतालाई आत्मसात् गर्नु, भावुक चेतना, मानवतावादी एवम् काल्पनिक उडान, प्रकृतिको मानवीकरण, रमरम बौद्धिकता र छताछुल्ल हार्दिकतासमेत काव्यप्रवृत्ति बन्न पुगेका छन् ।

## सुलोचना महाकाव्यमा औपन्यासिक लक्षणा

सुलोचना (२००३) महाकवि लक्ष्मीप्रसाद देवकोटाको शाकुन्तल (२००२) पछि लेखिएको दोस्रो प्रसिद्ध महाकाव्य हो । १९९५ सालको काठमाडौं वरिपरिको राणाकालीन समयमा बाँचेका बाहुन, क्षेत्री तथा नेवार परिवारमा पाइने सामाजिक विसङ्गति, समस्या तथा सङ्क्रमणकालीन समाजका पुस्तागत द्वन्द्वलाई यस महाकाव्यमा विषय बनाइएको पाइन्छ । प्रथम आधुनिक महाकाव्यको स्थान लिएको शाकुन्तल महाकाव्यमा देखिएको क्लिष्टताले निम्त्याएको प्रश्नको जवाफका लागि १० दिनमा नै सृजित सुलोचना महाकाव्यको अलग्गै महत्त्व र मूल्य रहेको छ । लेखनको हतारो र आशुवेगी उडानको पर्याय बनेको यस महाकाव्यले कतिपय पूर्वीय काव्यमान्यतालाई उछिनेको छ । स्वच्छन्दतावादी मान्यता हावी भएझैं लाग्ने यस काव्यको भूमिकामा देवकोटाले "के उपन्यास छन्दमा लेख्न सकिँदैन ? शायद कविता र उपन्यास मिले दुवैमा मजा त आउला (भूमिका, २००२)" भनेर सुलोचनामा औपन्यासिकता रहेको स्वीकारेका छन् । महाकाव्यको रचना गरे पनि यहाँ समेटिएका कतिपय विषय, पात्र, परिवेश, भाषा, प्रस्तुतीकरणका कारण उपन्याससँग मिल्न गएको हुनाले उनको उक्त भनाइ आएको हुनसक्छ । यहाँ देवकोटाले सङ्केत गरेका सुलोचना काव्यको औपन्यासिक पक्षबारे चर्चा गरिएको छ ।

### *कथा विस्तार गर्ने तरिका औपन्यासिक हुनु*

सुलोचना महाकाव्यको कथानक वर्णनात्मक रहेको छ । यो वर्णनात्मकता पूर्वीय काव्यमान्यताको नभएर उपन्यासको विशेषता हो । पूर्वीय काव्यमान्यताअनुसार काव्यको कथानक अनुभूतिको आख्यानीकरणसँगै विस्तारै अघि बढ्छ तर सुलोचना काव्यमा आएको कथानकमा स्वच्छन्दतावादी मान्यताअनुकूल तीव्र र वायुवेगी उडान पाइन्छ । मुख्य पात्रको ऐतिहासिक विवरणसँगै अघि बढेको कथानक प्रमाकर्षण, मिलन र विछोडहुँदै फेरि मिलन गराएर वियोगमा टुङ्ग्याइएको छ । कथानकको वर्णनात्मक प्रस्तुतिले यस काव्यलाई उपन्यासजस्तै महसुस गराउँछ । तसर्थ कथा विस्तार गर्ने तरिकाका आधारमा सुलोचना एउटा काव्योपन्यास बन्न सफल भएको छ ।

### *घटनाहरूको बहुल प्रयोग औपन्यासिक हुनु*

महाकाव्यमा सीमित घटनाको मात्र प्रयोग गरिन्छ। बहुल घटनाको प्रयोग यहाँ वर्जित गरिएको छ तर उपन्यासमा भने घटनाहरूको बाहुल्य रहेको हुन्छ। सुलोचना महाकाव्यमा पनि घटनाहरूको बहुल प्रयोग रहेको छ। अनङ्गका बुबा र सुलोचनाका बुबासँग सम्बन्धित एउटा सन्दर्भ रहेको छ भने सुलोचनाको घरबाट अपमानित भएर अनङ्ग खेदिएको अर्को सन्दर्भ यहाँ जोडिएको छ। त्यस्तै सुलोचनालाई घरमा थुनेर राखेको, जबरजस्ती विवाह गराएको, सुलोचनाको पूर्व प्रेमी घरमा गएको र त्यसबाट सृजित सन्दर्भ, बिजुली र तिमिरमर्दनको सम्बन्धबारेको सन्दर्भ र अन्त्यमा सुलोचना र अनङ्गको नाटकीय भेट र सुलोचनाको निधनजस्ता घटनाजन्य अलग अलग सन्दर्भहरूले महाकाव्यको मूल मर्मभन्दा उपन्यासनिकट मान्यता दिएको देखिन्छ। यसरी अनुभूतिको सबल बगाइभन्दा झुन्डझुन्ड घटनाहरूको वर्णनात्मक प्रस्तुतिका कारण सुलोचना महाकाव्योपन्यास हो भन्ने आधार दिएको छ।

### *सहायक कथानकद्वारा मुख्य कथानकलाई पुष्टि गर्नु*

महाकाव्यमा एउटैमात्र मूल कथानक अनुभूतिको आख्यानीकरणमा उनिएर अघि बढेको हुन्छ भने उपन्यासमा मुख्य र सहायक कथानकहरू आएका हुन्छन्। उपन्यासमा सहायक कथानक मुख्य कथानकलाई नै सहयोग पु¥याउन आएको हुन्छ। सुलोचना महाकाव्यमा पनि उपन्यासमा झैं मुख्य कथानक र सहायक कथानकको प्रयोग गरिएको छ। यहाँ मुख्य कथानक अनङ्ग, सुलोचना र विलाससिंहसँग सम्बन्धित रहेको छ भने तिमिरमर्दन र बिजुलीको कथानक सहायक बनेर आएको छ। काव्यमा आएको बिजुली र तिमिर मर्दनको सन्दर्भले सुलोचनाको कारुणिक कथानक विन्यासमा सहयोग पु¥याएको छ। बुहारीलाई स्वतन्त्रता नदिने परिवारले छोरीलाई बढी स्वतन्त्रता दिंदाको परिणाम तथा सुलोचनालाई जबरजस्ती विवाह गरेर उसको जीवन बर्बाद भएको देखेपछिको तिमिरमर्दनको मनमा आएको परिवर्तनजन्य घटनाले मुख्य कथानकलाई नै सहयोग पु-याएको देखिन्छ। यही कारण सुलोचनालाई काव्योपन्यास भनिएको हो।

### *कारुणिक कथानकको प्रयोग हुनु*

पूर्वीय काव्यमान्यतामा महाकाव्य सुखान्त हुनुपर्दछ तर यसका विपरीत सुलोचना काव्यमा कारुणिक कथानकको प्रयोग गरिएको छ। अनङ्गलाई प्रेम गर्ने सुलोचना परिवारको अस्वीकृतिमा रोएरै बस्दछे र विलाससिंहसँग विवाह गर्न बाध्य पारिन्छे (खतिवडा, २०७४ : ९३)। सङ्घर्ष गर्नुभन्दा सहनु नै उचित ठान्ने अनङ्ग पनि सुलोचनासँगको हार्दिक प्रेमका कारण भेष बदलेरै भए पनि सहयोग गरिरहन्छ। काव्यभरि सुलोचना र अनङ्ग दुवैले कुनै सुखको अनुभूति गर्न पाएका छैनन् भने वियोगमा पु-याएर काव्य समाप्त गरिएको छ। नायक र नायिका प्रेम गरे पनि प्रेमको सुखद अनुभूति गर्न तड्पिएरै जीवन समाप्त गरेका छन्। यसर्थ पूर्वीय काव्यमान्यता विपरीत र उपन्यासमा अपेक्षित कारुणिक कथानकको प्रयोगका कारण सुलोचना काव्योपन्यास बन्न पुगेको छ।

### *पात्रगत द्वन्द्वको मार्मिक प्रयोग हुनु*

सुलोचना महाकाव्यमा पात्रगत द्वन्द्वको मार्मिक प्रयोग पाइन्छ । अनङ्ग र सुलोचनाको बुबाबुबाबिचको द्वन्द्वको प्रभाव अनङ्ग र सुलोचनासम्म परेको छ । काव्यमा बाह्य द्वन्द्व त्यति प्रभावकारी नदेखिए पनि आन्तरिक द्वन्द्वको रोचक र घोचक वर्णन पाइन्छ । आफ्नो प्रेमीसँग विवाह गर्न नपाउँदा र कोठामा थुनिनु पर्दा सुलोचनामा उत्पन्न मनोवैज्ञानिक सङ्कट तथा अनङ्ग र सुलोचना छुट्टिएर बस्नुपर्दाका आफ्ना आफ्नै समस्यासँगै सुलोचनाके विवाहपछि घरमा पनि श्रीमान् र परिवारसँगको खटपटबाट उत्पन्न द्वन्द्वगत रागतापको कलात्मक वर्णन काव्यमा देखिन्छ । द्वन्द्वको प्रत्यक्षभन्दा अप्रत्यक्ष वर्णनात्मक प्रस्तुतिको मार्मिकता यहाँ आएको छ । काव्यकारले काव्यमा उपस्थित पात्रगत द्वन्द्वलाई औपन्यासिकीकरण गरेका कारण सुलोचना एउटा काव्योपन्यास हो भन्न सकिन्छ ।

### *सामाजिक यथार्थको कलात्मक चित्रण गर्नु*

पूर्वीय काव्यमान्यतामा यथार्थभन्दा ऐतिहासिक विषयको वस्तुगत प्रस्तुति अपेक्षित हुन्छ तर सुलोचना महाकाव्यमा यसका विपरीत सामाजिक यथार्थ विषयलाई उपस्थापित गरिएको छ । यहाँ वि.सं.२००७ सालभन्दा अगाडिको राजधानी काठमाडौं उपत्यकाको सामाजिक जीवनशैली र संस्कृतिलाई देखाइएको छ । क्षेत्री, बाहुन र नेवार संस्कृतिबिचको सामाजिक, सांस्कतिक बेमेल, पुरानो पुस्ता र नयाँ पुस्ताबिचको द्वन्द्व, प्रेम, विवाह, सौतेनी झगडाजस्ता विषयहरूको रोचक र घोचक प्रस्तुति पनि यस काव्यमा पाइन्छ । राणाकालीन समाजको छाया पाइने काव्यले समाजमा व्याप्त अन्धविश्वास, कुरीति, कूररता, संवेदनालाई पनि देखाएको छ । परिवर्तन हुन लागेको राजनैतिक, सामाजिक वातावरणको कलापूर्ण वर्णनशैलीका कारण यो काव्य उपन्यासमय बन्न पुगेको छ ।

### *समस्याको क्रमागत उद्घाटन हुनु*

सुलोचना महाकाव्यमा समस्यैसमस्याको पहाड देख्न सकिन्छ । उपन्यासमा अपेक्षित समस्याको चित्रणलाई काव्यमान्यताविपरीत भए पनि यस काव्यमा समेटिएको छ । काव्यमा पारिवारिक, सामाजिक, सांस्कृतिक, राजनैतिक, नैतिक र परिस्थितिजन्यसमस्याहरू एकपछि अर्को गर्दै आएका छन् । सुलोचना र अनङ्गको परिवारबिचको समस्यासँगै थालनी भएको काव्यमा ईश्वर छ कि छैन ? भन्ने वैचारिक समस्यासमेत आएको छ । सम्पन्नवर्गकी सुलोचना र सामान्यवर्गको अनङ्गबिचको प्रेम नै यस काव्यको महŒवपूर्ण समस्या बनेर आएको छ । सुलोचनाका बुबा शत्रुमर्दनमा रहेको सामन्ती सोचका कारण गरिब अनङ्गसँग विवाह गर्न नदिने र विलाससिंहजस्तो धनी र अव्यावहारिक युवकसँग गरिएको सुलोचनाको जबरजस्ती विवाहले सुलोचना र अनङ्ग दुवैको जीवन असफल बन्न पुगेको छ (रिसाल, २०३१ : १२१) । नेवार र ब्राम्हण संस्कृतिबिचको बेमेल, परिवर्तनहुँदै गरेको राजनीति, श्रीमान् छाडेर माइत बसेकी बिजुलीको अवैध गर्भधारणजस्ता समस्याहरू काव्यमा समेटिएका छन् । उपन्यासमा वर्णन गरिएजस्तै गरी समस्यापछि समस्या अनि फेरि समस्याको गाँठो फुकाउने ध्याउन्नका कारण सुलोचना एउटा समस्याप्रधान काव्योपन्यास बन्न पुगेको छ ।

***प्रकृतिको कलात्मक वर्णन गर्नु***

महाकवि लक्ष्मीप्रसाद देवकोटा प्रकृतिका पूजारी हुन् । मुनामदन खण्डकाव्यको प्रकाशनदेखि नै प्रकृतिलाई पछ्याउने देवकोटाले सुलोचना काव्यका हरेकजसो सर्गमा प्रकृतिको कलापूर्ण चित्रण गरेका छन् । वस्तुपरकभन्दा आत्मपरक प्रकृतिको चित्रणमा रमाएका देवकोटाले प्रकृतिको मानवीकरणसमेत गरेका छन् । सुलोचना र प्रकृतिबिचको तुलनीय वर्णनले यसैलाई सङ्केत गरेको छ । प्रकृतिको हार्दिक, भावुक र कल्पनाजन्य वायुवेगी वर्णनका कारण काव्यको आख्यानीकरणको मूलप्रवाह केही तलमाथि पर्न गएको भने देखिन्छ । स्वच्छन्दतावादी प्रकृतिकेन्द्री मान्यताबाट प्रेरित र प्रभावित देवकोटाको अन्तस्चेतनामा उत्पन्न भावलाई सुलोचना काव्यको प्रकृति चित्रणको कलात्मक प्रयोगले पुष्टि गरेका कारण पनि यो काव्य उपन्यासमय बन्न पुगेको छ ।

***प्रेमको हार्दिक र उदात्त चित्रण गर्नु***

सुलोचना महाकाव्यमा प्रेमको हार्दिक र उदात्त चित्रण पाइन्छ । काव्यको केन्द्रीय विषय नै अनङ्ग र सुलोचनाबिचको हार्दिक प्रेमलाई देखाउनु हो । जात, लिङ्ग, धर्म, वर्गभन्दा माथि उठेर गरिएको यी दुई पात्रबिचको प्रेम हार्दिक थियो, ईश्वरीय थियो । यसमा कुनै स्वार्थको लेससम्म थिएन तर अन्धविश्वासी र सामन्ती समाजका कारण यो प्रेममा भाँजो हालियो, तिनीहरूलाई अलग गरियो । जबरजस्ती वर्ग मिल्नेसँग विवाह गरिदिए पनि सुलोचना जीवनभरि खुसी बन्न सकिन न त अनङ्ग नै खुसी रहन सक्यो । त्यसै अनङ्ग जैमाने बनेरै भए पनि आफ्नो प्रेम व्यक्त गरिरहेको छ । देवकोटा स्वयं ईश्वरीय, आध्यात्मिक र हार्दिक प्र्ेमका पक्षपाती हुन् । सुलोचना र अनङ्गको प्रेमले मान्यता पाउनुपर्ने धारणा रहे पनि देवकोटाले त्यसलाई सार्थक पार्न सकेनन् । तर, प्रेममा सँगै मर्ने र बाँच्ने कसम खाएकाहरू कसै गरे पनि छुट्न सक्दैनन् भन्ने विषयलाई सुलोचना र अनङ्गको अन्तिम भेटले प्रमाणित गरेको छ । उपन्यासमा यस्तो विषयले बढी मान्यता पाएको हुन्छ । तर, देवकोटाले आफूमा रहेको प्रेमप्रतिको धारणा व्यक्त गर्ने माध्यम सुलोचना महाकाव्यलाई बनाएका छन् । उपन्यासमा वर्णन गरेजस्तै यस काव्यमा जतातततै सुखान्त र दुःखान्त प्रेमको दृश्यात्मक वर्ण गरेका छन् । बिजुली र तिमिरमर्दनबिचको प्रेमलाई देखाएर काव्यकारले आफूमा रहेको स्वच्छन्द प्रेमवादी चिन्तनलाई छताछुल्ल पोखेका छन् । यही प्रेमविषयक देवकोटीय स्वच्छन्द अभिव्यक्तिका कारण सुलोचना एउटा काव्योपन्यास बन्न
पुगेको छ ।

***भाषाशैलीगत सरलता र सरसता हुनु***

महाकाव्यको भाषाशैली परिष्कृत हुनुपर्ने मान्यता रहेको छ । शाकुन्तल महाकाव्यमा प्रस्तुत विषयवस्तु, प्रस्तुतीकरण र भाषाशैलीगत जटिलताको आरोप खेपेका देवकोटालाई मुखभरिको जवाफ एकातिर दिनुथियो भने अर्कोतिर महाकाव्यमा सरल र सरस भाषाशैलीको प्रयोग पनि गर्न सकिन्छ भन्ने देखाउनु थियो । यसकै फलस्वरूप सुलोचनामा अपेक्षित सरल र सरस भाषाशैलीको कलापूर्ण प्रयोग पाइन्छ । तत्सम, तद्भव र आगन्तुकसँगै

देवकोटाका आफ्नै कतिपय निजी शब्दहरूको संयोजन पनि काव्यमा पाइन्छ । उपन्यासको भाषाशैली रागात्मक, सरस र आलङ्कारिक हुनुपर्दछ जसले पाठकलाई एकोहोरो तान्न सकोस् । छन्द, अलङ्कार, बिम्ब, प्रतीक र परिष्कृत शिल्पशैलीले काव्यलाई जटिल र क्लिष्ट बनाएको हुन्छ तर परम्परागत नीति नियमको विरोध गरी स्वच्छन्दतावादी कविताधाराको थालनी गर्ने देवकोटाले यस काव्यमा पनि स्वच्छन्दतावादी भाषाशैलीको बेरोकटोक प्रयोग गरेका छन् । देवकोटीय तीव्र कवित्वशक्तिका कारण आख्यानीकरणसँगै भाषाशैली प्रयोगमा केही ऐंठनहरू देखिए पनि काव्यको भाव तथा भाषाशैलीको सरलता र सरसतालाई जोगाउन काव्यकार सफल रहेका छन् । यही महाकाव्यभन्दा उपन्यासमा अपेक्षित सरल, सरस र रागात्मक भाषाशैलीको सफल प्रयोगका कारण सुलोचना एउटा सुन्दर काव्योपन्यास बन्न पुगेको छ ।

## निष्कर्ष र उपलब्धि

लक्ष्मीप्रसाद देवकोटा नेपाली साहित्यका महाकवि हुन् । बहुमुखी प्रतिभाका धनी देवकोटाले आफ्नो लेखनी कविता, खण्डकाव्य, महाकाव्य हुँदै निबन्ध, कथा र उपन्याससम्म दगुराएका छन् । छ सयभन्दा बढी फुटकर कविता, डेढ दर्जनभन्दा बढी खण्डकाव्य र आधा दर्जन जति महाकाव्यका सर्जक देवकोटाले पारिवारिक, राष्ट्रिय, अन्तराष्ट्रिय र स्वाध्ययनबाट सृजित ज्ञानलाई जीवनपर्यन्त नेपाली भाषा र साहित्यको उन्नयनमा लगाएका छन् । शाकुन्तल, सुलोचना, वनकुसुम, महाराणा प्रताप, पृथ्वीराजचौहान, प्रमिथसजस्ता प्रसिद्ध महाकाव्यहरू रचना गरेका देवकोटाले गुणात्मकमात्र होइन सङ्ख्यात्मक र ऐतिहासिक रूपमा समेत नेपाली साहित्यको विकासमा योगदान पु-याएका छन् । प्राप्त महाकाव्यका आधारमा काव्यकार देवकोटामा विषयवस्तुगत, पात्र, लय, पात्र, परिवेश, सर्गगत, कथनगत विविधता, काव्यस्रोतगत विविधता, केन्द्रीय कथ्य र भाषाशैलीगत कलात्मकतासँगै भावुकता, हार्दिकता, कल्पनाशीलता, रमरम बौद्धिकता र छताछुल्ल हार्दिकताजस्ता काव्यप्रवृत्तिहरू पाइन्छन् । महाकाव्य र उपन्यास दुवै साहित्यका बृहत् आयाम बोकेका विधाहरू हुन् । यी दुवैमा कथ्यवस्तु, पात्र, परिवेशको व्यापक रूप पाइन्छ । दुवै लिखित साहित्यका रूप हुन्, जसमा भाषाशैलीको आवश्यकता पर्दछ । यति भएता पनि यिनमा केही भिन्नता पनि देखिन्छ । महाकाव्यमा छन्द, सर्ग, अलङ्कार, बिम्ब, प्रतीकसँगै कथ्यवस्तु कविताभित्रै अन्वित भएको हुन्छ भने उपन्यासमा यी विषय सपाट देखिन्छन् । महाकाव्यमा निश्चित सीमापरिसीमा रहेको हुन्छ भने उपन्यासमा यसको केही न्यूनता हुन्छ । उपन्यास आधुनिक साहित्यिक विधा हो भने महाकाव्य प्राचीन विधा हो । २००३ सालमा प्रकाशित सुलोचना देवकोटाको दोस्रो महत्त्वपूर्ण महाकाव्य हो । पूर्वीय काव्यमान्यताको सीमामा पूर्णतया नबाँधिएको सुलोचना काव्यको भूमिकामा देवकोटाले स्वीकार गरेको र काव्यले आत्मसात् गरेका वर्णनात्मकता, घटनाहरूको बाहुल्य, सामाजिक यथार्थ, पात्रीय द्वन्द्वको कलापूर्ण प्रयोग, प्रेमको हार्दिक चित्रण, भाषाशैलीगत सरलता,

समस्याको उद्घाटन तथा प्रकृतिको कलात्मक चित्रणजस्ता कतिपय प्रवृत्तिकासाथै यथार्थको भ्रम दिने क्षताका कारण सुलोचना एउटा प्रसिद्ध काव्योपन्यास बन्न पुगेको छ र यही नै यसको उपलब्धि पनि हो ।

## सन्दर्भसामग्रीसूची

अधिकारी, अम्बिकाप्रसाद (२०२५), "सुलोचनामा परिलाइएको समाज", *साझा समालोचना*, सम्पा. कृष्णचन्द्रसिंह प्रधान, साझा प्रकाशन ।

अवस्थी, महादेव (२०६१), *लक्ष्मीप्रसाद देवकोटाको खण्डकाव्यकारिता*, एकता बुक्स प्रा.लि. ।

खतिवडा, नित्यानन्द (२०७४), "सुलोचना महाकाव्यभित्रका केही बान्कीहरू", *प्रभा* (वर्ष २५, अङ्क १५), पृ.९०-९९ ।

दाहाल, घनश्याम (२०६६), *नेपाली फुटकर कविता र काव्य*, हजुरको प्रकाशन ।

देवकोटा, लक्ष्मीप्रसाद (२०५०), *सुलोचना*, (नवौं संस्क.), साझा प्रकाशन ।

बराल, कृष्णहरि र एटम नेत्र (२०५६), *उपन्यास सिद्धान्त र नेपाली उपन्यास*, साझा प्रकाशन ।

भण्डारी, द्वारिकाप्रसाद (२०६१), "महाकवि लक्ष्मीप्रसाद देवकोटा र उनको सुलोचना महाकाव्यको कथासार" *सम्प्रेषण* (वर्ष २, अङ्क २), पृ.१७२-१७६ ।

भट्ट, रामचन्द्र (२०६१), "देवकोटाका कृतिमा शिल्प, शैली र प्रवृत्ति", (सम्पा. गोपाल पराजुली), *गरिमा* (वर्ष २३, अङ्क ३, पूर्णाङ्क २६७), पृ.६९-७९ ।

रिसाल, राममणि (२०३१), *नेपाली काव्य कवि*, साझा प्रकाशन ।

वाग्ले, सुशीलप्रसाद (२०६०), "शाकुन्तल र सुलोचनामा अभिव्यक्त आध्यात्मिकता", (सम्पा. गोपाल पराजुली), *गरिमा* (वर्ष २१ अङ्क ११ पूर्णाङ्क २५१), पृ. ३९-५० ।